प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.स.: ०७८/७८९ मितिः २०७८।०७।०७

च.नं.:

श्री जो जस संग सम्बन्धीत छ ।

रोजगार सेवा केन्द्रबाट श्रमिक माग गरी काममा खटाउने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभुति गराउन निम्न बमोजिमको व्यवस्था गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

- सार्वजनिक खरिद (नवौं संसोधन) नियमावली, २०७६ को दफा १४९ (क) मा निर्माण व्यवसायीले निर्माण कार्यको लागि प्रचलित कानून बमोजिम रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिलाई प्राथमिकता दिनु पर्ने व्यवस्था गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २० मा ठेक्का प्रक्रियाबाट कार्यन्वयन हुने सार्वजनिक विकास निर्माणका आयोजनाहरुमा आवश्यक पर्ने श्रमिक स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत व्यक्तिहरूबाट माग गरी काममा लगाउन पर्ने व्यस्था रहेको छ ।

उपरोक्त कानूनी व्यवस्था कार्यन्वयन गरी सूचिकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रदान गर्ने कार्यमा सहयोग गर्नका लागि निर्माण व्यवसायी तथा ठेक्का प्रक्रियाबाट यस प्रतापपुर गाउँपालिकामा संचालन हुने सार्वजनिक विकास निर्माणका आयोजनाहरुमा आवश्यक पर्ने श्रमिक गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट माग गरी खटाउन हुन अनुरोध छ ।

राम प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

फोनः ०७८-४१९०९५ वेबसाईटः pratappurmun.gov.np वेबसाईटः ito.pratappurmun@gmail.com